जि.प्र.का. सप्तरी द.नं. ३१/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक २३६ २०७७ साल असार ३० गते मंगलबार (14 July 2020 Tuesday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**


- सम्पत्तिको आपराधिक उपयोग गर्ने (अर्काको सम्पत्ति बेइमानीको नियतले उपयोग, हानि नोक्सानी वा हिनामिना गर्ने) लाई तीन बर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- आपराधिक विश्वासघात गर्ने (आफ्नो जिम्मा वा संरक्षणमा रहेको सम्पत्ति करार वा सम्झौता विपरीत अर्कालाई उपयोग गर्न दिने वा हक टुटाई अरुलाई दिने) लाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुने,
- अपराधिक लाभ (एक्टर्सन) लिने (अरुलाई धम्क्याई निजबाट लाभ लिने) लाई सात बर्षसम्म कैद र सत्तरी हजार रुपौयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : वैदेशिक सहायतालाई पारदर्शी र.. ३ पृष्ठमा : विकासको मेलामा भ्रष्टाचार... ३ पृष्ठमा : कोरोना भाइरसबाट ...

# प्रदेश २ सरकारले सप्तरीका ४ हजार ४ सय ९४ किसानको ब्याज तिरे



**दैनिक समाचारदाता राजविराज, २९ असार ।**

प्रदेश २ सरकारले कोरोना महामारीको बेला लकडाउनले प्रभाबित बनेका साना किसानको ऋणको ब्याज तिरिदिएको छ ।

प्रदेश सरकारले लकडाउन भएको अवधी चैत, बैशाख, जेठ र असार महिनाको सप्तरीका ४ हजार ४ सय ९४ साना किसानको ऋणको ब्याज सम्बन्धीत बैंकलाई तिरिदिएको हो ।

भुमी ब्यबस्था, कृषि तथा सहकारी मन्त्रालयले राहत तथा अनुदान कार्यक्रम अन्तर्गत प्रदेश २ का ८ वटै जिल्लाका किसानहरूको ऋणको ब्याज तिर्ने कार्य एक साता यता सुरू गरेको हो ।

जिल्ला समन्वय समिति तथा कृषि ज्ञान केन्द्रको संयुक्त आयोजनामा सोमबार राजविराजमा आयोजित कार्यक्रममा प्रमुख अतिथि प्रदेश २ का भुमी, ब्यबस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहले जिल्लाका ४ हजार ४ सय ९४ साना किसानको ऋणको ब्याज अनुदान बापतको चेक विभिन्न बैंक तथा बितिय संस्थालाई हस्तान्तरण गरे ।

सो अवसरमा मन्त्री साहले लकडाउनका कारण प्रभाबित कृषि क्षेत्र उकास्न र आमजनताले कृषिमा लगानी गर्ने वातावरण बनाउन प्रदेश सरकारले योजना बनाएको बताए ।

सप्तरीका ५ लाख भन्दा कम ऋण लिएका साना किसानहरूको ब्याज ३ करोड ३५ लाख ५९ हजार ६ सय ६३ रूपैया प्रदेश सरकारले तिरिदिएको कृषि ज्ञान केन्द्रका प्रमुख राजेन्द्र यादबले जानकारी दिए ।

यस्तै साना किसानलाई राहत तथा पुर्नस्थापनाका लागि १ करोड २० लाख ८१ हजार ५ सय ८९ रूपैया समेत मन्त्री साहले पीडित किसानलाई उपलब्ध गराएका छन ।

जिल्लामा ६ हजार २ सय ६४ जना किसानले निवेदन दिएकोमा पहिलो चरणमा ४ हजार ४ सय ९४ जनाको ऋणको ब्याज तिरिएको र बाँकी रहेकाहरूलाई दोस्रो चरणमा प्रदेश सरकारले ब्याज तिरिदिने तयारी भइरहेको मन्त्री साहले जानकारी दिए ।

जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादबको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रदेश सभा सदस्य गोबिन्द न्यौपाने, रूबी कर्ण तथा प्रमिला देबी यादबले समेत सम्बन्धित बैंक तथा बितिय संघसंस्थाहरुलाई किसानको ऋण वापतको ब्याजको चेक हस्तान्तरण गरेका थिए ।

यता लकडाउनले संकटमा परेका बेला सरकारले ऋणको ब्याज तिरी दिएपछि किसानहरू निकै खुशी देखिन्थे ।

# बाढीले पचास घर डुवानमा, बाढीमा बगेर आएको एक व्यक्तिको शव फेला



**दैनिक समाचारदाता राजविराज, २९ असार ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. १ स्थित बेल्ही टोलको झण्डै ५० भन्दा बढी घर डुबानमा परेको छ ।

सोमबार बिहान खाँडो खोलामा आएको बाढीले बेल्ही टोलको ५० भन्दा बढी घर डुवानमा पारेको हो ।

यस्तै निरन्तरको वर्षाले बेल्ही भन्सार बजार समेत डुबानमा परेको छ । सो ठाउँमा रहेको भन्सार कार्यालय, सशस्त्र तथा नेपाल प्रहरीको चौकी समेत डुबानमा परेको छ । यता राजविराज-तिलाठी सडकखण्डमा समेत दुई ठाउँमा बाढीले क्षति पुऱ्याएको छ । भन्सार बजारको पसलहरु डुबानमा पर्दा स्थानीय ब्यापारीहरुको लाखौंको धनमाल क्षति भएको छ ।

यसैगरि खाँडो खोलाको बाढीले एक जना पुरुषको शव बगाएर ल्याएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । सडेगलेको अवस्थामा फेला परेको शवको पहिचान खुल्न नसकेको तथा पोष्टमार्टमका लागि गजेन्द्र नारायण सिंह अस्पतालमा पुऱ्याई आवश्यक अनुसन्धान भइरहेको प्रहरी उपरिक्षक कृष्ण प्रसाईले जानकारी दिए ।

यता बाढीले सो गाउँपालिकाको विभिन्न स्थानमा लगाइएको सयौं विगहा धान खेती जग्गा डुबानमा परेको स्थानियले बताएका छन् ।

यसैगरि महुली खोलामा आएको बाढीले जिल्लाको तिरहुत गउँपालिकाको वडा नं. ५ लोहजारा, वडा नं. २ मैनाकडेरी र वडा नं. १ त्रिकौलका झण्डै एक सय घर डुवानमा परेको स्थानिय गोपाल गुप्ताले जानकारी दिएका छन् ।

**NOVEL CORONA VIRUS (nCOV)**
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

**नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू**

ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?**

नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit · WESTERN UNION MONEY TRANSFER · Best Remit · Prabhu Money Transfer · City Express · IME International Money Express · IME pay · himal remit हिमालरेमिट · CG Money · MoneyGram money transfer

# वैदेशिक सहायतालाई पारदर्शी र प्रभावकारी बनाउने प्रयासमा सरकार

काठमाडौँ, २९ असार (रासस)।

उच्च तथा दिगो आर्थिक वृद्धि गर्दै 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकांक्षालाई टेवा दिन र सन् २०३० सम्ममा दिगो विकासका लक्ष्यहरू हासिल गरी मध्यम आययुक्त राष्ट्रमा स्तरोन्नति हुन वैदेशिक सहायता नेपालका निम्ति अपरिहार्य भएको छ।

"आगामी आर्थिक वर्ष वैदेशिक अनुदानबाट रु ६० अर्ब ५२ करोड र रु २ खर्ब ९९ अर्ब ५० करोड वैदेशिक ऋणबाट जुटाइनेछ," आव २०७७/७८ को बजेट वक्तव्यमा उल्लेख भएअनुसार विकास निर्माणका साथै आर्थिक उन्नयनका गतिविधि सञ्चालन गर्न बाह्य सहयोग नेपालका निम्ति आवश्यक छ।

अबका दश वर्षमा दिगो विकासका लक्ष्य हासिल गर्न २०१५ को मूल्यमा वार्षिक औसत करिब रु २,०२५ अर्ब आवश्यक पर्छ, जसमध्ये रु १,१११ अर्ब सरकारी पक्षले राजस्व र वैदेशिक सहयोगबाट अनि निजी क्षेत्रले करिब रु ७३९ अर्ब खर्च गर्नुपर्ने राष्ट्रिय योजनाको अनुमान छ। उपलब्ध स्रोत र साधन प्रयोग गर्दा पनि औसत करिब रु ५८५ अर्ब वार्षिक अपुग हुने भनिएको छ।

खानेपानी, सरसफाइ, ऊर्जा, यातायात, पर्यटन, उद्योग र सहरी विकासमा मात्र औसत करिब रु १,२३५ अर्ब प्रत्येक वर्ष आवश्यक पर्ने भएकाले सहुलियतमा वैदेशिक ऋण र अनुदान अपरिहार्य हुन्छ भन्छन् विकासका योजनाकर्ता एवं विश्लेषक। परम्परागत विकास सहायता ढाँचाले काम गरेका वा नगरेका क्षेत्रहरु पहिचान गरी सार्वजनिक, निजी एवं वैदेशिक सहायता सम्मिश्रित संयुक्त स्रोतबाट परिचालन गरी विकासका साधन जुटाउन सरकारलाई दबाब परेको पनि अस्वीकर गर्दैनन् उनीहरु।

नेपाल सरकारलाई विभिन्न क्षेत्रको विकास निर्माणका लागि द्विपक्षीय राष्ट्र, बहुपक्षीय तथा क्षेत्रीय संस्था र एशियाली विकास बैंक, विश्व बैंक समूह, एशियाली पूर्वाधार लगानी बैंक, अन्य विश्वव्यापी कोषबाट प्राप्त हुने वित्तीय प्राविधिक एवं वस्तुगत सहायता उपयोग गर्दै राष्ट्रिय विकासका लक्ष्य हासिल गर्न सार्वजनिक, निजी, सहकारी, सामुदायिक र अन्य क्षेत्रबीच साझेदारी बढाउने एवं सङ्घ, प्रदेश र स्थानीय तहबीच विकास सहायता परिचालनमा समन्वयात्मक तवरले प्रभावकारिता वृद्धि गरी अर्थतन्त्र निर्माण गर्नेतर्फ परिलक्षित हुन बाह्य सहयोग जुटाउन जरुरी छ।

कोभिड-१९ को विश्वव्यापी महामारीले बहुपक्षीय विश्व प्रणाली र संस्थाहरूका साथै दातृ राष्ट्र र निकायका ढुकुटीमा पनि चाप परेकाले अपेक्षाकृत विकास सहयोग नेपाललाई प्राप्त हुन कठिन छ। शक्तिराष्ट्रहरूबीच आर्थिक स्वार्थको बढ्दो टकराव, प्रविधिको अनियन्त्रित प्रयोगका कारण थपिएका अनपेक्षित चुनौती, आर्थिक असमानता एवं स्रोत साधनको असमान वितरण, जलवायु परिवर्तन, बढ्दो अतिवाद एवं आतङ्कवाद, द्वन्द्व र हिंसा, आप्रवासन र शरणार्थीका कारण पनि शक्तिराष्ट्रहरूबीच आर्थिक स्वार्थको बढ्दो टकराव, प्रविधिको अनियन्त्रित प्रयोगका कारण थपिएका अनपेक्षित चुनौती, आर्थिक असमानता एवं स्रोत साधनको असमान वितरण, जलवायु परिवर्तन, बढ्दो अतिवाद एवं आतङ्कवाद, द्वन्द्व र हिंसा, आप्रवासन र शरणार्थीका कारण उत्पन्न समस्या समाधानका निम्ति स्रोत साधन त्यसतर्फ परिचालन गर्नुपर्ने भएकाले दातृ राष्ट्रबाट नेपाललाई विगतमाजस्तो सहयोग पाउन त्यति सहज छैन।

नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हितमा प्रतिकूल हुने कुनै किसिमका सहयोग स्वीकार नगर्ने राष्ट्रको स्थापित नीतिको परिपालना गर्दै बाह्य सहायता जुटाउनुपरेको छ। दातृराष्ट्र तथा विकास साझेदारहरुबाट सहयोग लिँदा राष्ट्रिय हित प्रतिकूल हुनुहुँदैन भन्ने यथार्थलाई आत्मसात गर्दै झण्डै रु ६० अर्बको अमेरिकी अनुदान सहयोगलाई सङ्घीय संसद्ले अनुमोदन गरेको छैन।

कारोनाले यो शताव्दीकै अकल्पनीय आर्थिक मन्दी सिर्जना गर्ने, करोडौँले रोजगारी गुमाउने, आप्रवासन र गरिबीको समस्या अझ बढ्ने र यसको ठूलो मार नेपालजस्ता विकासोन्मुख देशलाई पर्ने निश्चित छ। अहिलेको असहज अनुकूलतामा रुपान्तरण गर्न बाह्य सहयोगको अपेक्षामात्र गरेर हुँदैन नेपाललाई वास्तविक रुपमा नै आधुनिक कृषिकर्म गरेर कृषिप्रधान देश बनाउनुपर्छ। त्यसैले हामीले साँच्चै समृद्धि चाहेका हौँ भने नेपालको उर्वरभूमिको अब भरपूर उपयोग गर्नैपर्छ।

नेपालको विकास र नेपाली जनताको जीवनस्तर सुधार गर्न परम्परागत रुपमा विदेशी सहायतामा रहेको निर्भरतालाई क्रमशः कम गर्दै कृषिकर्मबाटै आत्मनिर्भर बन्ने प्रयासमा लाग्नुको विकल्प छैन।

झण्डै सात दशकदेखि नेपालको शिक्षा, स्वास्थ्य र पूर्वाधार विकासका लागि बाह्य सहयोग प्राप्त भइरहेको भए पनि त्यसको समुचित उपयोग नभएको आम सर्वसाधारणको गुनासो भने अद्यापि कायमै छ। नेपालको संविधानले पनि सङ्घीय प्रणालीमा रुपान्तरित राष्ट्रको शासकीय संरचनाअनुरुप अन्तर्राष्ट्रिय विकास सहायताको परिचालन र व्यवस्थापन गर्नुपर्नेमा जोड दिइएको छ भने वैदेशिक सहायता लिँदा राष्ट्रिय हित र प्राथमिकतालाई आधार बनाउँदै वैदेशिक सहयोगलई राष्ट्रिय बजेट प्रणालीमार्फत परिचालन गर्नुपर्ने व्यवस्था गरेको छ।

असङ्ख्य पूर्वाधारको विकास विदेशी अनुदान र ऋणबाट भएका छन् भने दिगो विकासका लक्ष्य हासिल गर्न हाम्रोजस्तो सीमित स्रोत साधन र असिमित विकासका काम गर्नुपर्ने नेपालजस्तो अल्पविकसित देशका लागि चाहिने सबै प्रकारका पूर्वाधारका लागि सहुलियतपूर्ण वैदेशिक ऋण वा अनुदान नभई हुँदैन।

वैदेशिक सहयोगले विकास हुँदैन भन्ने अभिव्यक्तिको अस्वीकार गर्नुहुन्छ राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष प्राडा गोविन्दराज पोखरलेल। उहाँ समस्या वैदेशिक सहयोगमा नभई त्यसलाई परिचालन गर्ने पद्धति र सुशासनको अभावलाई मान्नुहुन्छ। सरकारको भगीरथ प्रयास भएपनि अहिले पनि करिब एक तिहाइ सहयोगको रकम बजेट बाहिरबाटै खर्च हुने गरेको र बजेटको रातो किताबमा उल्लेखित सहयोगको रकम पनि एकतिहाइभन्दा बढी राज्यको ढुकुटीमा नआई बाहिरबाट नै खर्च भइरहेको वास्तविकता औँल्याउँदै उहाँ त्यस्ता गतिविधि रोक्दै पूर्ण पारदर्शी हुनुपर्नेमा जोड दिनुहुन्छ।

"अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम समयमै पाउन सकिने सहुलियत ऋण र अनुदान लिन सकेनौँ भने समय घर्किंदै जाँदा हामीले द्विपक्षीय र बहुराष्ट्रिय संथाहरुबाट त्यस्तो सहयोग पाउने सम्भावना टरिसकेको हुन्छ र हाम्रो विकासका लागि महँगो ऋण परिचालन गर्नुपर्ने हुनसक्छ," प्राध्यापक पोखरेल भन्नुहुन्छ। निःशर्त एवं नेपालको प्राथकिता र आवश्यकताका आधारमा बाह्य सहयोग लिनुपर्ने उहाँको अभिमत छ।

गृह र रक्षा मन्त्रालयबाहेक राष्ट्रिय योजना आयोग, राष्ट्रिय पुनःनिर्माण प्राधिकरण, राष्ट्रिय मानवअधिकार आयोग, अर्थ, उद्योग, वाणिज्य तथा आपूर्ति, कृषि तथा पशुपंक्षी विकास, महिला बालबालिका तथा ज्येष्ठ नागरिक, वन तथा वातावरण, शिक्षा, विज्ञान तथा प्रविधि, ऊर्जा, जलस्रोत तथा सिँचाइ, सङ्घीय मामिला तथा सामान्य प्रशासन, स्वास्थ्य तथा जनसङ्ख्या, परराष्ट्र, सहरी विकास, खानेपानी, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, भौतिक पूर्वाधार तथा यातायात र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसहित १८ वटा मन्त्रालयमा आगामी आर्थिक वर्षका लागि १२४ वटा परियोजनामा प्राविधिक सहायता परिचालन गर्ने प्रतिबद्धता दातृ निकायहरुले गरेका छन्।

त्यसैगरी अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट परिचालन हुने प्राविधिक सहायता सम्बन्धित राष्ट्रका १२० वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत परिचालन हुने अर्थ मन्त्रालयले हालै सार्वजनिक गरेको प्राविधिक सहायतासम्बन्धी विवरणमा उल्लेख छ।

विश्वका विभिन्न मुलुकका अन्तर्राष्ट्रिय गैरसरकारी संस्था वर्षौंदेखि नेपालमा सक्रिय छन्। पहिलोपटक उत्तरको छिमेकी चिनियाँ प्रतिष्ठान नामक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले पनि गत वर्षदेखि स्वास्थ्य तथा सरसफाइ, सीप विकास तथा शिक्षा क्षेत्र सुधार कार्यक्रमअन्तर्गत रसुवा, प्यूठान, हुम्ला, सिरहा, बर्दिया, कैलाली, बागलुङ, म्याग्दी, धनुषा, मोरङ, ताप्लेजुङ, दोलखा, सिन्धुपाल्चोक, झापा, काभ्रेपलाञ्चोक, मुस्ताङ, चितवन, पर्सा, मकवानपुर, स्याङ्जा, नवलपरासी, तनहुँ, ललितपुर, कास्की र काठमाडौँमा प्राविधिक सहयोग कार्यक्रम सञ्चालन गरेको छ।

दिगो विकासका लक्ष्य हासिल गर्नका निम्ति परियोजनाको द्रुत गतिमा कार्यान्वयन, भूकम्पपछिको पुनःनिर्माण, मानवअधिकारको संरक्षण, प्रवर्द्धन, राष्ट्रिय मानवअधिकार आयोगजस्ता संवैधानिक आयोगहरुको रणनीतिक योजना तर्जुमा तथा क्षमता अभिवृद्धिमा सहयोग, कर प्रशासन, कर शिक्षा प्रवर्द्धन, आशिकुडा कार्यान्वयन, ग्रामीण उद्यम लगानी प्रवर्द्धन, दिगो आर्थिक विकास तथा ग्रामीण अर्ध सहरी क्षेत्र, लघु उद्यम विकास, कृषिको एकीकृत विकास, पुश विकास अनुसन्धान, पशु स्वास्थ्य प्रजनन् केन्द्र विकास, रेन्बो ट्राउट उत्पादनदेखि लिएर जैविक विविधता संरक्षण, गुणस्तरीय शिक्षालगायत विकासका विविध क्षेत्रमा अन्तर्राष्ट्रिय गैससबाट प्राविधिक सहायता परिचालन हुने भएको छ।

नेपालको विकासका साझेदार र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले सरकारी एवं स्थानीय निकाय, स्थानीय गैर सरकारी संस्थासँगको साझेदारी तथा समुदायहरूको सहभागितामा देशका विभिन्न क्षेत्रका गरिब, बहिष्कृत एवं सीमान्तकृत समुदायको सशक्तीकरण एवं जागरण अभियान सञ्चालन गर्दै आएका छन्।

आगामी आवमा नेपालमा प्राविधिक सहायता उपलब्ध गराउने अन्तर्राष्ट्रिय गैससहरुमध्ये सर्वाधिक ४१ वटा संयुक्त राज्य अमेरिकाका छन् भने १९ वटा संयुक्त अधिराज्यका छन्। जापान, इटाली, जर्मनी, क्यानाडा, बेल्जियम, लक्जेम्बर्ग, नेदरल्याण्डस्, फिनल्याण्ड, स्वीट्जरल्याण्ड, अष्ट्रिया, दक्षिण कोरिया, फ्रान्स, स्वीडेन, अष्ट्रेलिया, डेनमार्क, चेक रिपब्लिक, कतार, नर्वे, आयरल्याण्ड, ब्राजिलका छन्।

प्राविधिक सहायताका रुपमा आगामी आवमा अन्तर्राष्ट्रिय गैससले रु २ खर्ब १६ अर्ब २० करोड ९९ लाख एक हजार परिचालन गर्ने लिखित जानकारी सरकारलाई दिएका छन् भने अन्य दातृ निकायले रु एक खर्ब ८७ अर्ब ९४ लाख ९४ करोड २६ लाख पाँच हजार बराबारको प्राविधिक सहयोग गर्ने बताएका छन्।

"प्राविधिक सहायतालाई व्यक्तिगत तह (सीप, ज्ञान, नवीनता, उद्यमशीलता) र साङ्ठगनिक तह ( प्रणाली, कार्यविधि, प्रविधि)मा राष्ट्रिय क्षमताको विकासमा सघाउ पुऱ्याउने गरी छनोटपूर्ण तरिकाले राष्ट्रिय क्षमता विकास योजनासँग आबद्ध गरी उपयोग गर्ने" अन्तर्राष्ट्रिय वैदेशिक सहयाता परिचलन नीति, २०७६ मा उल्लेख छ।

उक्त नीति अनुरुप नै सरकारको प्रणालीभित्रबाट आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक क्षमता उपलब्ध नहुँदाका अवस्थामा विकास साझेदारहरुबाट प्राविधिक सहायता उपयोग गर्ने नीति सरकारले अङ्गीकार गरेको बताउनुहुन्छ अर्थ मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सहयोग समन्वय महाशाखाका प्रमुख श्रीकृष्ण नेपाल।

सरकारले ऋण सहायताको उपयोग जलविद्युत् उत्पादन एवं प्रसारण, राजमार्ग र पुल, रेलमार्ग, विमानस्थल, सुक्खा बन्दरगाह, शहरी पूर्वाधार, राष्ट्रिय आवश्यकता र प्राथमिकताभित्रका अन्य क्षेत्रमा विकास निर्माणका आयोजना सञ्चालन गर्न सहुलियतपूर्ण ऋण सहायताबाहेक अन्य थप स्रोतबाट समेत सहायता परिचालन गर्न सकिने व्यवस्था गरेको छ।

वैदेशिक सहायता विभिन्न राष्ट्रका निर्यात आयात बैंक तथा त्यस्तै आयोजनागत वित्तीय सहायता प्रदान गर्ने अन्य निकायबाट प्राप्त हुने ऋणसमेत उपयोग गर्न सकिने छ। कृषि र पर्यटन पूर्वाधारजस्ता आर्थिक वृद्धि उच्च पार्न सहयोग पुऱ्याउने, सीप विकास तथा रोजगारी सिर्जना गर्ने र निर्यात क्षमता बढाई वैदेशिक मुद्रा आर्जन गर्ने क्षेत्रहरुमा सहुलियतपूर्ण ऋणलाई उपयोगको प्राथमिकतामा राखिएको छ।

अन्तर्राष्ट्रिय विकास सहायता परिचालनका प्राथमिकतामा विपद् व्यवस्थापन, वातावरण संरक्षण र जलवायु परिवर्तन, विज्ञान तथा प्रविधिको विकास र हस्तान्तरण, राष्ट्रिय उत्पादन र उत्पादकत्व वृद्धिलाई समावेश गरिएको छ।

त्यसैगरी भौतिक पूर्वाधार, जलविद्युत्, सौर्य तथा नवीकरणीय ऊर्जा, सडक तथा पुल, सिँचाइको विकासका निम्ति सार्वजनिक, निजी, सहकारी र समुदायको क्षमता नपुगेका क्षेत्र पहिचान गरी अनुदान सहायता परिचालन गर्ने सरकारी नीति छ।

अनुदान सहायतालाई वातावरण संरक्षण, जलवायु परिवर्तन, दिगो विकास, ग्रामीण पूर्वाधार निर्माण, सामाजिक विकास, कृषिको आधुनिकीकरण र विकास, स्वास्थ्य, शिक्षा, पिउनेपानी, सरसफाइ, गरिबी निवारण र मानव विकासमा प्रत्यक्ष योगदान पुग्ने क्षेत्र विकासको प्राथमिकतामा समावेश गरिएको छ।

साना सहायतालाई क्षेत्रगत अवधारणा र विकास साझेदारको साझा कोषमार्फत परिचालन गर्न प्रोत्साहन गर्ने सरकारी नीति रहेको छ भने अन्तर्राष्ट्रिय विकास सहायता परिचालन हुने आयोजनाको विकास गर्दा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई दृष्टिगत गरी यथासम्भव त्यसलाई टेवा दिने प्रकृतिका गतिविधि समावेश गर्ने व्यवस्था विकास सहायता परिचालन नीतिले गरेको छ।

अन्तर्राष्ट्रिय विकास सहायताप्रतिको निर्भरता क्रमशः घटाउँदै आन्तरिक स्रोत परिचालन बढाउन र विकास सहायताको प्रभावकारिता वृद्धिका लागि सुधार र पारदर्शिताको सुनिश्चिततालाई सरकारले केन्द्रीय महत्व दिएको बताउनुहुन्छ महाशाखा प्रमुख नेपाल। सरकारले वैदेशिक सहायतालाई पारदर्शी एवं प्रभावकारी बनाउने प्रयास निरन्तर अघि बढाइरहेको उल्लेख गर्दै त्यसको पारदर्शिता र जवाफदेहिताप्रति पूर्ण प्रतिबद्ध रहेको उहाँको कथन छ।

वैदेशिक एवं अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट प्राप्त सहयोग क्षमता विकासका नाममा सहायताको अधिकांश अंश परामर्शदाता र सल्लाहकार सेवामा खर्च हुने तथा सरकारको प्रणालीभन्दा बाहिरबाट सहयोग परिचालन भइरहेको जनगुनासो सम्बोधन गर्ने क्रममा अर्थ मन्त्रालय त्यसतर्फ संवेदनशील भएर लागेको उहाँको भनाइ छ। सरकारले अन्तर्राष्ट्रिय विकास साझेदारबाट प्राप्त सहायतालाई पारदर्शी एवं व्यवस्थित बनाउन विद्युतीय 'पोर्टल' सञ्चालन गरेको उल्लेख गर्दै उक्त पोर्टलबाट वैदेशिक सहायतामा सञ्चालित परियोजना, तिनको कार्यान्वयनको अवस्था, खर्च भएको रकमलगायत विवरण जो कोहीले हेर्न सक्ने उहाँ बताउनुहुन्छ।

पारदर्शिता, जवाफदेहीता र आर्थिक अनुशासन कायम गर्न सरकार क्रियाशील रहेको बताउँदै उहाँ बाह्य सहयोग आपूर्तिमा आधारित नभई मागमा आधारित हुनुपर्नेमा जोड दिनुहुन्छ। "वैदेशिक सहायतालाई राष्ट्रिय योजना र प्राथमिकतासँग जोड्दै परिणाममुखी दिशामा अघि बढ्न मन्त्रालयले दृढ निश्चय गरेको छ," सहसचिव नेपाल भन्नुहुन्छ "वैदेशिक सहयोगले विकृति बढाएको गुनासोप्रति पनि मन्त्रालय सचेत रहेको छ।"


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan) NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

# विकासको मेलामा भ्रष्टाचार नियन्त्रणको सकस



**अमरनाथ मण्डल**

असार मसान्तलाई विकासीय कार्य गर्ने महिनाको रुपमा चिनिन्छ। यस महिनालाई वर्ष भरिमा काम गर्न बाँकी रहेका विकासीय रकमलाई हतार हतारमा सिध्याउने रुपमा लिइन्छ। जसले गर्दा यो महिनामा हुने विकासीय कार्यहरुमा भ्रष्टचार हुने शंका पनि प्रसस्त सम्भावना हुन्छ। यो महिनालाई विकासीय कार्य गर्ने कुम्भ मेला पनि भन्ने परिपाटी बसेको छ। विकासीय बजेटहरुलाई वर्षको अन्तिम समयमा जब साल तमामी हुन्छ। बजेटहरु फर्छौट हुन्छ। आर्थिक हिसाब किताब मिलानी हुन्छ। त्यस बेला नेपाल सरकारले बजेटलाई संचालन गर्ने तथा विकासीय कार्यहरुमा बजेट खर्चको बजेटहरु विनियोजित गर्ने परिपाटीले वर्षको अन्तिम क्षणमा हतार हतारमा विकासीय बजेटहरुलाई खर्च गर्न परिपाटीले विकासीय बजेटको कार्यान्वयनमा भ्रष्टाचार हुने गरेको प्रमाणहरु विगतका दिनमा धेरैजसो पाएको देखिन्छ।

यस पाली पनि विकासीय बजेटहरु स्थानीय निकाय प्रदेश सरकार तथा केन्द्रिय सरकारहरुबाट विनियोजित बजेटहरु असार मसान्तको बेला खर्च भईरहेको देखिएको अवस्थामा असार मसान्तको अन्तिम क्षणमा कतिपय विकास कार्यहरुमा ठूलो भ्रष्टाचार भईरहको अनुमान सर्वसाधारणले गर्न थालेका छन्। कतिपय ठाउँमा प्राविधिक तथा स्थानीय जनप्रतिनिधि र उपभोक्ता समिति मिली कागजमा मात्रै सिमित गरी विकास भएको लेखाजोखाहरु कागजमा कोरी बिल भरपाईहरु पेश भएको तथ्यहरु फेला परिरहेका छन्। त्यस्तै भौतिक निर्माणको कार्यहरुमा वर्षायामसँगै अहिले कोरोना भाइरसको प्रकोपले गर्दा कार्यहरु सम्पन्न गर्नमा अप्ठ्यारो परिरहेकोले गर्दा हतार हतारमा कार्यहरुको गुणस्तर विहिन निर्माण गरी बिल भरपाई बनाई रहेको देखिन्छ।

असार मसान्तको अन्तिम क्षणमा उपभोक्ता समितिहरुले भुक्तानी लिन अहिले कार्यालयहरुमा दौडधुप गरिरहेका छन् भने प्राविधिक र जनप्रतिनिधिहरुले बिल भुक्तानीको लागि अनुगमनै नगरी कतिपय ठाउँहरुमा निर्माण भएका कार्यहरुको भुक्तानी दिने गरेको देखिन्छ। जनताको पैसालाई यसरी खेल खेलमा सिध्याउने परिपाटीले गर्दा स्थानीय निकायहरुमा विनियोजित भएका रकमहरुको प्रत्यक्ष रुपमा कमिशनको खेलले गर्दा भ्रष्टाचार हुने गरेको देखिन्छ। एक मात्र भ्रष्टाचार नियन्त्रण गर्ने अख्तियार दुरुपयोग अनुसंधान आयोग रहेकोले अख्तियार दुरुपयोग अनुसंधान आयोगले पनि कानमा तेल हालेर बसेका छन् भने स्थानीय निकायहरुमा अनुगमन र निरीक्षण गर्ने जिम्मेवारी बोकेका जिम्मेवार जनप्रतिनिधिहरुले बजेटको विनियोजित रकममा कमिशनको मिलाउन व्यस्त देखिन्छ। यसरी भ्रष्टाचारको परिवेश र सिलसिलालाई नियन्त्रण गर्न नसकेको कारणले गर्दा भ्रष्टाचार व्यक्ति तथा उपभोक्ता समितिहरु प्रोत्साहित बन्दै गईरहेका छन्। अहिले कमिशनको लेनदेनको कुराहरु पान पसल, चिया पसल तथा रक्सी पसलहरुमा बढी गफका कुराहरु हुने गरेको देखिन्छ। तर नियन्त्रण गर्ने निकायहरुको मौन रहेको कारण जिल्ला जिल्लामा भईरहेको विकासीय कार्यहरुमा कमिशनको लेनदेनको कारणले गर्दा ठूलो भ्रष्टाचार हुने गरेको देखिन्छ।

गणप्रतिनिधिहरुको जनताप्रति दायित्व र भावना रहेको अवस्थामा जनताको पैसाबाट आएका बजेटहरुलाई पारदर्शी ढंगले खर्च हुनुपर्ने व्यवस्था मिलाउन जनप्रतिनिधिहरुको प्रमुख दायित्व र कर्तव्य रहेको छ। जनताको समर्पित मनोभावनाले गर्दा जनताको मतबाट निर्वाचित भएका नगर प्रमुख, गाउँ प्रमुख तथा प्रदेशका मान्य मन्त्रीहरुको विकासको लागि विनियोजित भएको संसदीय कोषहरको रकमहरुमा भ्रष्टाचार हुन नदिन स्थानीय जनप्रतिनिधिहरुको प्रमुख दायित्व रहेको देखिन्छ। त्यसैकारण स्थानीय निकायहरु प्रदेश सरकारहरु असार मसान्तमा भईरहेका निर्माण कार्यहरु अनुगमन र निरीक्षण गर्नुपर्ने दायित्व र जिम्मेवारीको बोध हुँदै पारदर्शी ढंगले अनुगमन निरीक्षणको लागि विशेष छिमेकी बनाई अनुगमन निरीक्षण गराउनुपर्ने र भ्रष्टाचार भएको ठाउँहरुमा भ्रष्टाचारीलाई कानुनी कठघरामा उभ्याउनुपर्ने दायित्व जनप्रतिनिधिहरुको रहेको छ। यसैक्रममा स्थानीय प्रशासनहरु समेत आफ्नै स्तरबाट समन्वय गरी अनुगमन निरीक्षण गर्नुपर्ने आवश्यकता देखिन्छ।

पुलपुलेसाहरुमा भइरहेका भ्रष्टाचारहरुको लेखाजोखा कम छैन। प्राविधिकहरुको मिलोमतोमा निर्वाधिन भइरहेका पुलपुलेसाहरुको निर्माण कार्यहरु वर्षौं देखि निर्माण भईरहेको मात्र देखिन्छ। तर कतिपय ठाउँमा टेण्डर र कोटेशनमा लिएका जिम्मेवारीहरु ठिक्केदारहरुले तदरुरुपताका साथ कार्यहरु संचालन नभएको कारण जिल्लामा धेरै जसो योजनाहरु निर्माण कार्यहरु सम्पन्न भएका छैन भने कतिपय योजनाहरु निर्माण भईरहेका ठिक्केदारहरु निर्माण कार्य छाडेर गएका छन्। यस्ता कार्यहरुले गर्दा विकासीय कार्यमा निर्माण हुन अप्ठ्यारो भईरहेको सन्दर्भ लिएर स्थानीय निकायहरु मौन बस्नु गैर जिम्मेवारीपन अवस्थाको सिर्जना हुनु देखिन्छ।

# मनसुनपछि ८५ को मृत्यु, ४६ बेपत्ता

काठमाडौं, २९ असार (रासस)।

सरकारले यस वर्षको मनसुन शुरु भएयता बाढी र पहिरोमा परी ८५ जनाको मृत्यु हुनका साथै ४६ जना बेपत्ता भएको जानकारी दिएको छ। प्रतिनिधिसभा, राज्यव्यवस्था तथा सुशासन समितिको सोमबारको बैठकमा मुलुकका विभिन्न भागमा भएका बाढी र पहिरोका घटनाबाट १३४ घर पूर्णक्षति भएको गृहमन्त्रालयका सचिव महेश्वर न्यौपाने बताउनुभयो।

विसं २०७२ को भूकम्पबाट अतिप्रभावित सिन्धुपाल्चोक, गोरखा र रसुवालगायतका जिल्ला नै बाढी पहिरोबाट अति जोखिम क्षेत्रका रुपमा रहेको जानकारी दिँदै गृहमन्त्रालयले हालसम्मको अवस्था विश्लेषणबाट प्रदेश नं २ का जिल्लामध्ये रौतहट बढी प्रभावित पाइएको बताएको छ।

बाढी पहिरोबाट १४ जिल्लाका ११ हजार घर उच्च जोखिमा रहेकामा ७०७ घर भने तत्काल स्थानान्तरण गर्नुपर्ने अवस्थामा रहेको जानकारी दिइएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी निर्देशक अनिल पोखरेलले बाढी र पहिरोबाट मध्यपहाडी र डुबानबाट तराईका जिल्ला अति जोखिममा रहेको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "विगत १० वर्षको मनसुनको अध्ययन विश्लेषण गर्दा मनसुन शुरु भएको ३० दिनको पहिलो अवधि बाढी पहिरोका हिसाबले डरलाग्दो हुने गरेको छ।" बाढी पहिरोका जोखिमलाई दृष्टिगत गरी विपद् व्यवस्थापन प्रतिकार्य योजना बनाएर काम गरिरहेको जनाउँदै मन्त्रालयले विभिन्न स्थानमा राहत र उद्धार सामान व्यवस्थापन गोदाम र मानवीय सहायता केन्द्र स्थापना गरेको जनाएको छ।

बाढी पहिरोबाट हालसम्म पर्वत, पाल्पा, बझाङ, गुल्मी, सिन्धुपाल्चोक, रुकुम, कास्की, जाजरकोट, दोलखा, सर्लाही, तनहुँ र सखुवासभा जिल्लामा जनधन को क्षति भएको छ। प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा अहिले एक अर्ब ८० करोड रकम मौज्दात रहेको सो अवसरमा जानकारी दिइयो।

भूकम्पले धाँजा बनाएको पहाड, लगातार धेरै वर्षात् र अवैज्ञानिक तवरमा हुने विकास निर्माणले बाढी पहिरोका घटनालाई बढाउन सहयोग पु¥याएको मन्त्रालयको भनाइ रहेको छ। बाढी पहिरोबाट धनजन क्षति भएका परिवारलाई भूकम्प पीडितलाई दिइएको राहत र सहयोगअनुरुपकै विधि र प्रक्रियाका आधारमा राहत उपलब्ध गराउने सरकारले तयारी गरेको छ।

सो अवसरमा सांसदहरुले राहत र उद्धारका योजना राम्रा भए पनि कार्यान्वयन फितलो रहेकाले तीन तहकै सरकार र स्थानीय नागरिकको समन्वयमा प्रभावकारी राहत र उद्धारका कार्यक्रम गर्न सरकारलाई सुझाव दिनुभयो।

# पैसा असुल्ने पत्रकार साह पक्राउ

कलैया, २९ असार (रासस)।

प्रेस सङ्गठन नेपाल प्रदेश नम्बर २ का सदस्य तथा एपी खबर बाराका संवाददाता भैयाराम साह पक्राउ परेका छन्।

प्रहरी हिरासतमा रहेका लागुऔषध कारोवारी व्यक्तिलाई छुटाइदिन्छु भन्दै अफान्तसँग मोटो रकम माग गरेको र केही रकमसमेत लिइसकेको रेर्कड फेला परेपछि सोही रेर्कडको आधारमा पत्रकार साहलाई पक्राउ गरिएको प्रहरी प्रवक्ता गौतम मिश्रले जानकारी दिनुभयो। पक्राउ परेका साहलाई अदालतबाट १० दिनको म्याद लिई अभद्र व्यवहार मुद्दा दर्ता गरी अनुसन्धान थालिएको प्रवक्ता मिश्रले भन्नुभयो।

# गलत सञ्चार सामग्रीले नेपाल र भारतबीचको भावनामा गम्भीर आघात पुर्‍याउँछ : नेपाल

काठमाडौं, २८ असार (रासस)।

केही भारतीय सञ्चारमाध्यमले नेपाल र नेपाल सरकारका कार्यकारी प्रमुखलाई जोडेर अनर्गल समाचार प्रसारण गरेकामा सरकारले आपत्ति जनाएको छ। ती भारतीय माध्यममा आएका नेपालसम्बन्धी पछिल्ला सामग्री गलत, आधारहीन, असंवेदनशील र नेपालको नेतृत्वलाई आरोपित गर्ने खालको भएको नेपाल सरकारको भनाइ छ।

सरकारले भारतीय सञ्चारमाध्यमबारे बनाएको धारणामा भनिएको छ, "त्यस्ता प्रकारका सामग्रीले गलत सूचना दिने मात्रै नभई न्यूनतम सभ्य समाजको सार्वजनिक प्रतिष्ठालाई क्षतिग्रस्त बनाएको छ। यस्ता प्रकारका प्रभावित सामग्री प्रसारणको अभियानले नेपाल र भारतबीचको भावनामा गम्भीर आघात पुर्‍याउन सक्नेछ।"

नेपाल र भारतीबीचको जनस्तरको द्विपक्षीय ऐतिहासिक, सांस्कृतिक, आर्थिक र सामाजिक सम्बन्ध तथा अन्य महत्वपूर्ण पक्ष रहेको एवं आपसी सम्बन्ध सार्वभौम समानता, मित्रता, विश्वास र परस्पर सम्मानका आधारमा रहेको नेपालको भनाइ छ।

आपसी सम्बन्धलाई प्रगाढ बनाउन सञ्चार क्षेत्रले सही सूचनाको प्रवाह तथा सही सोचको निर्माणमा प्रभावकारी र रचनात्मक भूमिका निर्वाह गर्न सक्ने जनाउँदै सरकारले प्रेस स्वतन्त्रताको सीमा र आचारसंहिताका बारेमा पनि स्मरण गराएको छ। त्यस प्रकारका गलत, विभाजनयुक्त र घृणायुक्त सामग्रीले नेपाल र नेपाली जनतालाई अवहेलना गरेको जनाउँदै यसले एक्काइसौँ शताब्दीका छिमेकी मुलुकका देशलाई हित नगर्ने पनि स्पष्ट गरेको छ। त्यस्ता सामग्री सम्प्रेषण गर्नेमाथि उपयुक्त कारवाही गर्न र आगामी दिनमा यस्तो नहुने वातावरण निर्माणका लागि भारतीय पक्षसँग आग्रह गरिएको छ।

## विश्व समाचार

### कोरोना भाइरसबाट विश्वमा पाँच लाख ७१ हजार भन्दा बढीको मृत्यु

जेनेभा स्वीट्जरल्याण्ड, २९ असार (रासस/एएफपी)।

कोरोना भाइरस (कोभिड १९)बाट विश्वभर मृत्यु हुने व्यक्तिको संख्या पाँच लाख ७१ हजार ६८९ पुगेको छ। साथै यस सङ्क्रमणबाट विश्वभर एक करोड ३० लाख ४२ हजार ३४० जना सङ्क्रमित भएका विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)द्वारा आफ्नो दैनिक प्रेस विज्ञप्तिमा जानकारी दिइएको छ।

नेपाली समयानुसार सोमबारसम्म प्राप्त समाचारअनुसार कोरोना भाइरसका कारण बिरामी भएका ७५ लाख ८८ हजार ५१० जना निको भएका छन्। हाल विश्वभरमा कोरोना भाइरस सङ्क्रमित करिब ४८ लाख ८२ हजार १४१ व्यक्ति उपचाररत रहेका छन्।

सङ्क्रमितमा ५८ हजार ६५२ जनाको अवस्था गम्भीर रहेको जनाइएको छ। चीनको हुबे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस सङ्क्रमणको कारण अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ। डब्लुएचओकाअनुसार संयुक्त राज्य अमेरिकामा मात्र ३४ लाख १३ हजार ९९५ जनामा कोरोना भाइरसका सङ्क्रमित रहेका छन्। यस प्रकोपका कारण अमेरिकामा एक लाख ३७ हजार ७८२ व्यक्तिको मृत्यु भइसकेको बताइएको छ।

दक्षिण अमेरिकामा २८ लाख ९४ हजार ६११ जना कोरोना भाइरस सङ्क्रमति रहेका छन्। यहाँ एक लाख पाँच हजार २०९ जनाको मृत्यु भएको छ। उत्तर अमेरिकामा ४० लाख ७१४ जना कोरोना भाइरस सङ्क्रमति रहेका छन्। यहाँ एक लाख ८६ हजार ९० जनाको मृत्यु भएको छ। युरोपमा २५ लाख ७१ हजार ६९८ जना कोरोना भाइरस सङ्क्रमित रहेका छन् भने एक लाख ९६ हजार ५८१ को मृत्यु भएको छ।

एसिया २९ लाख ६४ हजार ६९३ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने, ७० हजार ३७८ जनाको मृत्यु भएको छ। अफ्रिकामा पाँच लाख ९८ हजार २५९ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने १३ हजार २८६ जनाको मृत्यु भएको छ। ओसियानामा ११ हजार ६४४ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने १३० जनाको मृत्यु भएको छ।

### चीनमा आएको भिषण बाढीमा परी ठूलो जनधनको क्षति

बेइजिङ, २९ असार (रासस/एएनआई)।

चीनमा आएको भिषण बाढीका कारण व्यापक जनधनको क्षति भएको बताइएको छ। यहाँका १४१ जना व्यक्तिको निधन भएको या हराएको बताइएको छ। तीमध्ये केही व्यक्ति मारिएका र केही बेपत्ता भएका हुनसक्ने बताइएको छ।यो बाढीका कारण तीन करोड ८० लाख व्यक्ति प्रभावित भएका बताइएको छ। चीनका विभिन्न ठाउँमा हालैको अविरल वर्षापछि बाढी आएको हो।चीनका २७ स्थानमा बाढीले जनजीवन प्रभावित पारेको बताइएको छ। यहाँ पछिल्ला केही दिनमा आएको यस बाढीबाट २२ लाखभन्दा बढी नागरिकलाई उद्धार गरिएको छ।

चीनको याङ्चेसहितका कैयौं नदीमा पानीको सतह बढेपछि बाढी आएको बताइएको छ। बाढीका कारण यहाँका ठूलो संख्याका नागरिक गएको कम्तीमा एक हप्तादेखि नराम्ररी प्रभावित भएका बताइएको छ। बाढीका यहाँका २८ हजार भन्दा बढी घर बगाएको या क्षति पुर्‍याएको छ। यसबाट यहाँको ११ अर्ब अमेरिकी डलर बराबरको क्षति पुगेको बताइएको छ। बाढीको त्रास बढ्दै गएपछि चिनियाँ राष्ट्रपति सि चिनफिङले सबै नागरिकलाई आवश्यक मात्रामा सतर्कता अपनाउन आग्रह गर्नुभएको छ।

### ब्राजिलमा कोरोना भाइरसबाट ७२ हजारको मृत्यु

ब्रासिलिया, २९ असार (रासस/एएनआई)।

ब्राजिलमा कोरोना भाइरस (कोभिड १९) बाट सङ्क्रमित हुनेको संख्या दिनप्रतिदिन बढ्दो रहेको देखिएको छ। साथै यहाँ पछिल्ला हप्ताहरुमा यस सङ्क्रमणबाट ज्यान जाने व्यक्तिको संख्यामा पनि बृद्धि भइरहेको प्राप्त तथ्यांकमा देखिएको छ। यहाँको स्वास्थ्य मन्त्रालयले दिएको पछिल्लो तथ्यांकअनुसार यहाँ यस सङ्क्रमणबाट ज्यान जाने व्यक्तिको संख्या कम्तीमा पनि ७२ हजार पुगेको बताइएको छ।

ब्रालिजमा पछिल्लो २४ घन्टायतामात्र ६३१ जनाको ज्यान गएको ब्राजिलको स्वास्थ्य मन्त्रालयले जनाएको छ। ब्राजिलको स्वास्थ्य मन्त्रालयका अनुसार अहिलेसम्म ब्राजिलमा कोरोना भाइरसबाट सङ्क्रमित हुनेको संख्या १८ लाख ६४ हजार जना पुगेको छ। पछिल्लो २४ घण्टा यता मात्र ब्राजिलमा २४ हजार ९३१ जना नयाँ सङ्क्रमित फेला परेका हुन्।

त्यस्तै ब्राजिलमा कोरोना भाइरसबाट मृत्यु हुनेको संख्या पनि ७२ हजार १०० पुगेको छ। पछिल्लो २४ घण्टामा मात्र ब्राजिलमा कोरोना भाइरसका यतिधेरै सङ्क्रमित थपिएका छन्। त्यस्तै गएको २४ घन्टामा ६३१ जनाको मृत्यु भएको अधिकारीहरुले जानकारी दिएका छन्। गएको शनिबारमात्र यहाँ ३९ हजार जना नयाँ सङ्क्रमित थपिएको जनाएको थियो। एकै दिनमा यहाँ यति धेरै सङ्क्रमित थपिनुका साथै एक हजार ७१ जनाको ज्यान गएको थियो।

त्यसैगरी शुक्रबार मात्र यहाँका करिब एक हजार २०० जनाको एकैदिनमा निधन भएको बताइएको छ। यहाँ पछिल्लो समयमा नयाँ सङ्क्रमितका साथै मृत्यु हुनेको संख्यामा पनि बृद्धि भइरहेको छ। ब्राजिलको सबैभन्दा ठूलो सहर साओ पाउलोले बार, रेस्टुरेन्ट, ब्युटीपार्लर, सैलुन खोल्ने तयारी गरिरहेको अवस्थामा ब्राजिलमा कोरोना भाइरसका सङ्क्रमितको संख्या १८ लाख नाघेको हो। उता रियो दि जेनेरियोमा भने यसै हप्तामात्र बार र रेष्टुरेन्ट खुलिसकेका छन्। ब्राजिल अमेरिकापछि कोरोना भाइरसबाट सबैभन्दा धेरै प्रभावित हुने मुलुक हो।

# निजी प्रयोगशालाले पनि पाए कोभिड-१९ परीक्षण गर्न

काठमाडौँ, २९ असार (रासस)।

सरकारले छ वटा निजी प्रयोगशालालाई कोभिड- १९ को पिसिआर परीक्षणको अनुमति दिएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले मापदण्ड पुगेका छ निजी प्रयोगशालालाई पिसिआर परीक्षण गर्न अनुमति दिएको प्रयोगशालाका सूचना अधिकारी राजेशकुमार गुप्ताले जानकारी दिनुभयो।


उहाँका अनुसार स्टार अस्पताल काठमाडौँ, काठमाडौँ मेडिकल कलेज काठमाडौँ, सेन्ट्रल डाइग्नोस्टिक ल्याब्रोटोरी काठमाडौँ र सूर्या हेल्थ केयर सेन्टर रहेका छन्। यस्तै उपत्यकाका बाहिर नेशनल प्याथल्याब बुटवल र वागेश्वरी प्रयोगशाला कोहलपुर बाँकेले अनुमति पाएका छन्।

प्रयोगशालाले पिसिआरको परीक्षणको दायरा बढाउनका लागि गत जेठ २२ गते इच्छुक निजी प्रयोगशालालाई प्रस्ताव आह्वान गरेको थियो। उक्त प्रस्तावमा १९ वटा प्रयोगशालाले आफूले पिसिआरको परीक्षण गर्न प्रस्ताव दर्ता गराएका थिए। “हामीले प्रस्ताव दर्ता गराएका प्रयोगशालाको मापदण्ड हेरेर पहिलो चरणमा छ वटा प्रयोगशालालाई परीक्षण गर्न दिएका छौँ”, उहाँले भन्नुभयो, “अन्य प्रयोशाला मापदण्ड पुगेपछि अनुगमन गरेर परीक्षणका लागि अनुमति दिन्छौँ।” ती १९ मध्ये नौ वटा प्रयोगशालाको भने आफ्नै पिसिआर परीक्षण गर्ने मेसिन रहेको थियो। ती छ प्रयोगशालाले आफैँ नमूना सङ्कलन गर्ने नभई मन्त्रालयले उपलब्ध गराएको नमूना परीक्षण गर्नेछन्। यसरी परीक्षण गरेबापत ती प्रयोशगालाले एक वटा नमूना परीक्षणको रु पाँच हजार ५०० शुल्क लिन पाउनेछन्।

कोभिड- १९ को परीक्षणको दायरा बढाउनका लागि मन्त्रालयले निजीलाई समेत कोभिड १९ को पिसिआर विधिबाट परीक्षण दिने निर्णय गरेको थियो। अहिले मुलुकभरि २५ वटा प्रयोगशालाबाट पिसिआर प्रविधिबाट परीक्षण हुँदै आएको छ। अहिलेसम्म दुई लाख ८३ हजार ५१५ जनाको पिसिआर परीक्षण गरिएको छ।

यसअघि सरकारले सातै प्रदेशका सरकारी एक/एक प्रयोगशालामा पाँच हजार ५०० रुपैयाँ शुल्कमा पिसिआर विधि परीक्षण गर्न पाउने व्यवस्था गरेको छ। ती प्रयोगशालामा प्रदेश नं १ मा कोशी अस्पताल, प्रदेश नं २ मा नारायणी अस्पताल, गण्डकी प्रदेशमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रदेश नं ५ मा लुम्बिनी अस्पताल बुटवल, कर्णाली प्रदेशमा प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला सुर्खेत र सुदूरपश्चिम प्रदेशमा प्रादेशिक प्रयोगशाला धनगढीको प्रयोगशाला रहेका छन्। ती प्रयोगशालामामा निर्देशिका भन्दा बाहेकका व्यक्तिले पनि आफूलाई इच्छचाएका बेला शुल्क तिरेर नमूना परीक्षण गर्न पाउने छन्।

# एक बर्षको अवधिमा १ सय ४९ जना फरार अपराधी पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, २९ असार।**

जिल्ला प्रहरी कार्यालय सप्तरीले एक बर्षे अबधिमा १ सय ४९ जना फरार अपराधीलाई पक्राउ गर्न सफल भएको छ।

सोमबार आयोजित पत्रकार सम्मेलनमा सप्तरी प्रहरीले सार्वजनिक गरेको आ.व. ०७६/७७ को बार्षिक कार्य प्रगति विबरणको तथ्याङ्कमा सो उल्लेख गरेको हो।

विभिन्न मद्दामा कैद तथा जरिवाना सजाय पाएर फरार तथा अनुसन्धानका क्रममा फरार रहेकाहरूलाई पक्राउ गर्न आक्रमक अभियान चलाएपछि उनीहरुलाई पक्राउ गर्न सफल भएको प्रहरी उपरिक्षक कृष्ण प्रसाईले जानकारी दिएका छन्।

यसरी पक्राउ पर्नेहरूमा कुटपिट, जर्वजस्ती करणी, ज्यान मुद्वा, जालसाजी, ठगी र सबारी ज्यान मुद्दाका तथा लागू औषधका रहेका छन्।

प्रतिवेदन अनुसार आव ०७६/७७ मा लागुऔषधको ५१ वटा मुद्दा दर्ता भई ७१ जना पक्राउ परेका छन। यस अबधिमा प्रहरीले जिल्लाको विभिन्न स्थानमा अवैध रुपमा लगाईएका ३२ हजार ५ सय गाजाको बोट तथा घरेलु मदिरा नियन्त्रण अभियान अन्तर्गत ७३ वटा अबैध घरेलु मदिरा उत्पादन भट्टी नष्ट गरेको छ। यस क्रममा ८ जना उत्पादकलाई समेत प्रहरीले पक्राउ गरेको छ।

यसै अबधिमा भारतवाट हुने चोरी, तस्करी नियन्त्रणका क्रममा भन्सार छलेर ल्याईएका २ करोड १८ लाख १९ हजार बरावरको विभिन्न सामग्री भन्सार कार्यालयलाई बुझाएको तथा यसले राजस्व सकंलनमा समेत सहयोग पुऱ्याएको प्रतिवेदनमा उल्लेख गरिएको छ।

खुल्ला सिमाका कारण भारतिय क्षेत्रवाट लागू औषध सेवन गरेर घर फर्किनेहरूको संख्या बढ्दै गएकाले यसलाई मुख्य चुनौतीको रूपमा लिईदै नाका क्षेत्रहरुमा निगरानी कडा पारिनुका साथै विभिन्न सचेतनामुलक कार्यक्रम समेत संचालनमा ल्याईएको उनको भनाई छ।

## NOVEL CORONA VIRUS (nCOV)

सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

### नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू



ज्वरो (१००.४°F भन्दा माथि)

श्वास प्रश्वासमा अत्याधिक समस्या

रुघा र खोकी

*“नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।”*

### नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने।



खोक्दा र हाच्छ्युं गर्दा नाक र मुख छोप्ने।



फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने।



फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने।



जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।



पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने।



अनुरोधकर्ता : बलानबिहुल गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

## हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम, IME International Money Express, himal remit हिमालरेमिट, CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेवसाइट : rajbirajdainik.com.np